| ४६ | **ऋणीको नाम : कृष्ण कुमारी श्रेष्ठ,** पिता/पतिको नाम : खडग कुमार श्रेष्ठ, बाजे/ससुराको नामः विर व. श्रेष्ठ, स्थायी ठेगाना : तोपगाछी-३, झापा, नागरिकता नं. : ०४२०४२/३०८२<br>**कर्जा शीर्षक : साधारण**<br>**एकलजमानीको नाम : मन्जु श्रेष्ठ धिमाल,** पिता/पतिको नामः सुसन धिमाल, स्थायी ठेगानाः दमक-९, झापा, नागरिकता नं. : ०४-०२-७१-००८२६ |
| ४७ | **ऋणीको नामः गोमा कुमारी दाहाल,** पिता/पतिको नाम : सनमान दाहाल, बाजे/ससुराको नामः निर बहादुर दाहाल, स्थायी ठेगानाः हडिया-७, उदयपुर, नागरिकता नं. :६८६०२<br>**कर्जा शीर्षक : साधारण**<br>**एकलजमानीको नाम : सनमान दाहाल,** पिता/पतिको नामः निर बहादुर दाहाल, बाजे/ससुराको नाम : रतन बहादुर दाहाल, स्थायी ठेगानाः गौरादह-१, झापा, नागरिकता नं.: ०४-०२-७५-०१९०३ |
| ४८ | **ऋणीको नामः कृष्ण कुमारी चौहान,** पिता/पतिकोनामःशिवनारायण ताजपुरिया, बाजे/ससुराको नामः धोधिया ताजपुरिया, स्थायी ठेगानाः शनिश्चरे-६, झापा, नागरिकता नं. :०४३०११/१७९८<br>**कर्जा शीर्षक : साधारण**<br>**एकलजमानीको नाम : उमेश चौहान,** पिता/पतिको नामः तुल बहादुर चौहान, बाजे/ससुराको नाम :जवान सिंह चौहान, स्थायी ठेगानाः मेचीनगर न.पा-११, झापा, नागरिकता नं. :०४-०१-७४-०१३५१ |

**आशा लघुवित्त वित्तीय संस्था लि.**
**Asha Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
**केन्द्रीय कार्यालय : बनेपा-१३, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,**
इमेल ठेगाना :ashamicrofinance@gmail.com/ info@ashamicrofinance.com.np

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

कविता

## छन्द कविता

**– शंकर शर्मा ठाकुर** *(सार्दुल विकृत छन्द)*

टुट्न दिन्न यो देशलाई
डटेर गर्छु सामना
यही अटुट इच्छा छ मेरो
यही छ मेरो कामना ।

सुन्दर देश नेपाल हाम्रो
रहोस् सबै खुशी यहाँ
गरून् प्रगति सबै मिलि
गौरव गान होस् राष्ट्रमा ।

जीवन सफल होस सबैको
यही छ मेरो कामना
टुट्न दिन्न यो देशलाई
डटेर गर्छु सामना ।

नहोस् कुभलो कसैको
नमरोस् कोही डाहमा
इच्छा असिम बोकी सबै
बढ्दै जाओस् यो राहमा ।

वनजंगल हरियो पारियो
अग्लो, चुचुरो हिमाल महा
धर्ती धरा गगन छ निला
अरू यस्तो छ कहाँ ।

हरेक थरिका फूल यहाँ
प्रकृतिको छ काँखमा
जुही, चम्पा, चमेली
छडेको छ बास्ना ।

टुट्न दिन्न यो देशलाई
डटेर गर्छु सामना
यही अटुट इच्छा छ मेरो
यही छ मेरो कामना ।

*मेचीनगर-१३, चारआली*

## काफी छ



**विकास भट्टराई**

सम्झिने जतिलाई
इशारा काफी छ
माया गर्नेका लागि
गुलाबको फूल काफी छ ।

जिन्दगीको गोरेटोमा
अनेक संघर्ष गर्नेलाई
विश्वासघात नै काफी छ ।

दुःखी मानिसका लागि
यो मनको वेदना काफी छ
घायलका लागि
प्रेमको धोका नै काफी छ ।

सुख पाउनेका लागि
सानो खुशी नै काफी छ
इशारा सम्झिनेका लागि
एक नजर काफी छ ।

; dLIff

# बुद्धआदर्श स्मारिका



**भुवन तामाङ**

कुनै काम, विषय, इतिहास र योगदानलाई युगयुगसम्म नबिर्सन, पछिल्ला पुस्तालाई सम्झाउन, सिकाउन, जिम्मेवारी सुम्पन, सम्बन्धित कामलाई निरन्तरता दिन र जीवन्त बनाइराख्नलाई स्मारिका ( ग्रन्थ) प्रकाशन गर्ने गरिन्छ । यसै मेसोमा बुद्धशान्ति गाउँपालिकास्थित बुद्धआदर्श माध्यमिक विद्यालयले स्मारिका प्रकाशन गरेको छ । बुद्धआदर्श माध्यमिक विद्यालयबारे यत्रतत्र छरिएर रहेका इतिहास एकै ग्रन्थमा संग्रहित भएको छ । जसले तत् विद्यालयको समग्र योगदान जीवन्त बनाइराख्ने छ ।

स्मारिकामा पाँच खण्ड छन् । खण्ड एकमा इतिहास, दुईमा तथ्यांक एवम् सूचना, तीनमा सिर्जना, चारमा स्मारिका प्रकाशनार्थ आर्थिक व्यवस्थापन र खण्ड पाँचमा तस्विरहरु समेटिएका छन् । स्मारिकाको शुरुमा भने विद्यालयका जग्गादाताहरुका तस्विर र नाम प्रकाशित गरिएका छन् । जग्गादाताहरु घनश्याम ढकाल, दिनानाथ ढकाल र नसूह प्रसाई (कुमारबाबु) उल्लेख गरिएका छन् । त्यसपछि राष्ट्रिय गान र शुभकामनाहरु प्रकाशित भएका छन् । अर्थ मन्त्रालय, सामाजिक विकास मन्त्रालय कोशी प्रदेश, पूर्व कृषि राज्य मन्त्री सरिता प्रसाई, पूर्व प्रतिनिधि सभा सदस्य पवित्रा निरौला (खरेल), बुद्धशान्ति गाउँपालिका कार्यालय, शिक्षा शाखा तथा समन्वय इकाई झापा र पूर्व विद्यार्थी कैलाशचन्द्र गोयलको शुभकामना प्रकाशित भएका छन् । त्यसपछि स्मारिका प्रकाशन मूल समिति, विद्यालय व्यवस्थापन समितिका विवरण प्रकाशित भएका छन् ।

अध्यक्षका आँखाबाट शीर्षकमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष मनोरथ तिवारीको विचार स्मारिकामा प्रकाशित भएको छ । लेखिएको छ- 'यस विद्यालय र शिक्षाप्रति गरेको योगदानको एकमुष्ट परिणाम हो आजको स्मारिका प्रकाशनको विमोचनको महान ऐतिहासिक दिन' । यहाँ ऐतिहासिक दिन उल्लेख गरिएको छ । साँच्चै स्मारिका एक ऐतिहासिक अभिलेख या दस्तावेज हो । बुद्धशान्ति तथा अन्य क्षेत्रमा छरिएर रहेका र विद्यालयको विभिन्न दराज, ऱ्याक, फाइल र पुराना पोकाहरु आदिमा यत्रतत्र छरिएर रहेका विद्यालय सम्बन्धी यावत महत्वपूर्ण विवरणहरु एकै स्मारिकामा क्रमबद्ध रुपमा समेटिएका छन् । स्मारिकामा नसमेटिने हो भने धुलिया लागेर र माउले खाएर ऐतिहासिक जानकारीहरु नष्ट हुने सम्भावना थियो । विवरणहरुलाई स्मारिकामा संरक्षण गर्ने दूरदृष्टी राख्ने महानुभावहरु तथा जनशक्तिहरुको योगदानलाई इतिहासले स्मरण गरिरहने छ । नमूना विद्यालय तथा देशकै माध्यमिक शिक्षाको सिकाई केन्द्रको रुपमा विकसित बुद्धआदर्श माविको इतिहास पढेर भावी पुस्ताले धेरै कुराहरु सिक्न सक्नेछन् । यस अर्थमा यस स्मारिका प्रकाशन अरिहार्य तथा अनुकरणीय काम भएको छ ।

प्रकाशकको तर्फबाट प्रध्यानाध्यापकको कलम शीर्षकको प्रध्यानाध्यापक कृष्णराज भण्डारीको विचारमा यस्तो उल्लेख गरिएको छ- 'विद्यालयले यहाँसम्म आइपुग्न धेरै हुरिबतास झेलेको छ, थुप्रै पटक असिनापानीले कुटिएको छ, अनगिन्ती खडेरी र रोगव्याधीले चुटिएको छ । विद्यालयको जग हाल्ने आधारहरु तय गर्न, जनशक्तिको चाँजो मिलाउन, सञ्चालनका प्रक्रियाहरु अघि बढाउन, विद्यालयको स्तरोन्नति गर्दै लैजान, त्यही अनुरुपका भौतिक र मानवीय स्रोत व्यवस्थापन गर्दै लैजान मात्र होइन विद्यालयलाई विपत्ति परेका बेला र राज्यको दरिलो भरथेग नपुगेका बेलामा बुधबारेका जनता, समुदायले आफ्नो छाक काटेर विद्यालयलाई यहाँसम्म ल्याइपुऱ्याएको हो ।' प्रध्यानाध्यापक भण्डारीको विचार जस्तै बुद्धआदर्श मावि धेरैको मेहनतले विकास भएको शिक्षालय हो । भन्नुको अर्थ बुधबारे (बुद्धशान्ति)का बासिन्दाहरु शिक्षाप्रति निकै जागरुक रहेका छन् ।

सिर्जना खण्डको विद्यार्थी खण्डमा, दशजना विद्यार्थीहरुको सिर्जनाहरु प्रकाशित भएका छन् । त्यसै गरी विशेष लेख रचना खण्डमा वर्तमान तथा पूर्व शिक्षक, शिक्षिका, विद्यार्थीहरुका लेखहरु रहेका छन् । यहाँ दुईजना सिर्जनाकार डा. रहेका छन् । बुद्धआदर्श माविले धेरै-धेरै उच्चस्तरीय जनशक्ति तथा प्रतिभाहरु जन्माउन तथा विकास गर्न सफल भएको प्रमाण हो यो । स्मारिकामा प्रकाशित सिर्जना लेखहरु पनि निकै ज्ञानबर्द्धक रहेका छन् । यी लेखहरुको स्तरीयताबाटै पनि थाहा लाग्छ कि बुद्धआदर्श माविले देशका लागि साँच्चै आदर्श र क्षमतावान जनशक्ति उत्पादन गरेको छ र गरिरहेको छ ।

सम्पादन उपसमिति संयोजक बेनुप्रसाद पनेरु, सदस्यहरु गणेश निरौला, लक्ष्मीदेवी नयौपाने, राजु पौड्याल र माधव बरालको सम्पादनमा प्रकाशित यस स्मारिकाको सम्पादन उपसमितिको तर्फबाट शीर्षकको भनाइमा यस्तो लेखिएको छ- 'विद्यालयको केही महत्वपूर्ण ऐतिहासिक दस्तावेजहरु निर्विवाद थिएनन् । यहाँसम्म कि विद्यालयलाई जग्गा उपलब्ध गराउनुहुने दानवीर जग्गादाताको समेत सामाजिक प्रक्रियासम्मत् ढंगबाट टुंगो लगाउनुपर्ने चुनौति थियो । अन्य तथ्य, तथ्यांकहरु पनि कालक्रमिक, पूर्ण र स्पष्ट थिएनन् । यसबीचबाट विद्यालयको आधिकारिक दस्तावेज प्रकाशन गर्ने कार्य चुनौतिको चाङ थियो ।' ती चुनौतिहरु पार गर्दै अन्ततः सम्पादन उपसमितिले स्मारिका तयार पार्न सफल भयो ।




स्मारिकाको इतिहास खण्डको बुद्धआदर्श माध्यमिक विद्यालयः एक विहङ्गावलोकन शिर्षकमा पूर्व प्रध्यानाध्यापक गणेश निरोलाको आलेखमा विद्यालयको स्थापनाको पृष्ठभूमि, जन्मगर्भ, जग्गा प्राप्ति, पाइलट प्रोजेक्ट, आर्थिक, प्रजातन्त्र पुनस्थापना अघि र पछि, दश जोड दुई, बुद्धआदर्श हिजोआज, लगायतका विषयमा विस्तृतमा उल्लेख गरिएको छ । यहाँ २०१७ देखि २०७४ सालसम्म विकास भएका विद्यालयका भौतिक पक्ष तालिकाबद्ध प्रस्तुत गरिएको छ । तालिकामा संरचना, स्रोत, सक्रियता र साल अध्ययन गर्न सकिन्छ ।

केदार कोइराला, हेमेन्द्र खतिवडा, लक्ष्मीदेवी न्यौपाने, राजु पौड्याल, टीकाराम खवास, माधव बराल, सुमित्रा बाँस्कोटा र लालप्रसाद रेग्मीको पाठ्यान्तर क्रियाकलाप शीर्षकको संयुक्त आलेखमा बुद्धआदर्श माविको खेलकुद र सांस्कृतिक पक्ष विस्तृतमा उल्लेख गरिएका छन् । विद्यालयको शुरुवातदेखि खेलकुद, सांस्कृतिक तथा कलाका क्षेत्रमा सहभागिता जनाउने खेलाडी, कलाकार, साहित्यकाहरु र प्रतिभाहरुका नामावली नै प्रकाशित गरिएका छन् । यसबाट बुधबारे र सेरोफेरोमा खेलकुद, सांस्कृतिक, साहित्यिक र कला क्षेत्रमा जग बसाल्ने को-को थिए भनेर जान्न सकिन्छ । स्मारिकामा पुराना प्रतिभाहरुको कदर गरिएको पाइन्छ । आलेखमा पुस्तकालय, विज्ञान प्रयोगशाला र विद्यालयभित्र पछिल्लो समय भएका गरेका केही नवीनतम अभ्यासहरुबारे पनि अध्ययन गर्न पाइन्छ ।

स्मारिकाको तथ्यांक, जानकारी एवम् सूचना खण्डमा, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, मानार्थ सल्लाहकार समूह, सल्लाहकार समूह, पूर्व शिक्षकहरु, वर्तमान शिक्षकहरु एवम् विद्यालय परिवार, विद्यालयका दाताहरु, विद्यालयका प्रध्यानाध्यापकहरु, विद्यालयका अक्षयकोष संस्थापकहरु, विभिन्न समयमा विभिन्न कामका लागि गठित समिति र उपसमितिहरु, विभिन्न अतिरिक्त क्रियाकलाप सम्बन्धी जानकारी, बुधबारे क्षेत्रका स्रोत व्यक्तिहरु, २०२५ देखि २०७५ सालसम्मका एसएलसी, एसइइमा सहभागी विद्यार्थीहरु, एसएलसी, एसईईको नतिजा, पछिल्लो वर्षको विद्यार्थी विवरण बाल विकास केन्द्रदेखि कक्षा १० सम्म, २०६३ देखि २०७५ सालसम्मका कक्षा १२ को परीक्षामा सामेल विद्यार्थीहरु र पछिल्लो वर्षको कक्षा ११ र १२ को विद्यार्थी विवरण प्रकाशित भएका छन् ।

यस खण्डमा विद्यालय सम्बद्ध सबैका आआफ्ना नामावली (विवरण) पढ्न सकिने छ । यसपछि सिर्जना खण्डमा विद्यालयका पूर्व तथा वर्तमान शिक्षक, पदाधिकारीहरु र विद्यार्थीहरुका सिर्जना, रचनाहरु प्रकाशित भएका छन् । यहाँ विभिन्न विषय र प्रसंगका ज्ञानले भरिपूर्ण र रोचक लेख, साहित्य अध्ययन गर्न सकिन्छ । लेखहरुमा विद्यालयबारेका रोचक तथ्य र प्रसंगहरु पनि जान्न सकिन्छ । यस खण्डमा छापिएका लेखहरु वैयक्तिक विचार भएको स्मारिकामा उल्लेख गरिएको छ ।

बैदार्नी आमैको गोदाममा वि.सं. २०१४/०१५ तिर पढाई शुरु भएर, विष्णुलाल पनेरुको टाँडे कटेरो, चन्द्रप्रसाद प्रसाई (जिम्दार)को कामत, बाँदी आचार्यको घर (मकै डाँगी), बुधबारे बजार हाट कटेरा हुँदै २०१७ सालदेखि चाहिँ हाल बुद्धआदर्श मावि रहेको जग्गामा फुसको कटेरोमा पढाई सुचारु भएको विद्यालयको इतिहास स्मारिकामा अंकित छन । स्मारिकामा विद्यालयका लागि आर्थिक हुन् या भौतिक, ठूलो हुन् या सानो, रकम र सामानका विवरणसहित दाताहरुका अभिलेख अध्ययन गर्न पाइन्छ ।

विद्यार्थीहरु हुन् या शिक्षक शिक्षिका, हरेक व्यवस्थापन समितिका पदाधिकारी हुन् या यावत दाताहरु सबैका विवरण स्मारिकामा समेटिएका छन् । यो पनि एक विशेष विशेषता रहेको छ स्मारिकाको । बुद्धआदर्श मावि बुद्धशान्तिको दर्पणको रुपमा प्रकाशित यस 'बुद्धआदर्श माध्यमिक विद्यालय स्मारिका २०७६' प्रकाशनार्थ योगदान गर्ने सम्पूर्ण महानुभावहरुको मेहनत एक ऐतिहासिक र महान काम हो ।

कथा



**मोहनप्रसाद ओली**

# सामाजिक अभियन्ताले अरुका लागि बाँच्नुपर्ने

सम्भावना सृष्टिको उपज हुन् । सम्भावनालाई उत्पादन गर्ने महान शक्ति सृष्टी हुन् । सृष्टी नै समाज परिवर्तिनको पथप्रदर्शक पनि हुन् । समाजमा सम्भावनाले दुईवटा क्षेत्रबाट आफ्नो पहिचान दिन सफल भएकी छन् । पहिलो पहिचान मेघावी विद्यार्थी वा छात्राका रुपमा थियो भने दोस्रो सामाजिक अभियान्ताका रुपमा पहिचान बनेको थियो । प्रतिभा नै सम्भावनाको जीवनको आधारभूत जग थियो । त्यसपछिको तला थप्ने भनेको सामाजिक अभियन्ताको रुपमा उपस्थित हुनु थियो । प्रतिभा कै कारणबाट विद्यालय र समाजको विश्वास जित्न उनी सफल भएकी थिइन् । उनले पढाइ र सामाजिक क्षेत्रलाई सँगसँगै अगाडि बढाइन् । सामाजिक क्षेत्रमा पनि उनका मख्य दुईवटा क्षेत्र थिए । पहलो समाजबाट उपेक्षित बन्न पुगेका जुनसुकै वर्ग, जात, सम्प्रादय वा समुदायका मानिसहरुको पक्षमा वकालत गर्नमा जोड दिन्थिन् । जब कि उनी आफू दलित थिइन् । तर, पनि दलितका मुद्दाभन्दा अरुका मुद्दालाई प्राथमिकता दिन्थिन ।

अर्को क्षेत्र भनेको महिलाका आवाज सुन्ने, सुनाउने र सशक्तिकरण गर्ने थियो । जसबाट महिला माथि हुने विभेदको अन्त्य गर्न सकियोस् । उनले रोजेका यी दुबै क्षेत्रले समाजका सम्पूर्ण वर्ग र तप्कालाई प्रभाव पारेको थियो । यी अभियानका उद्देश्यहरु पूरा गर्न उनले समूहमा कार्यगत रुपमा अघि बढने रणनीति अपनाएकी थिइन् । शुरु-शुरुका दिनमा आफू तल्लो वर्गको भएको कारणले कथित उपल्लो जाति र सामन्ती सोच भएका वर्गबाट केही झमेला व्यहोर्नु परेको थियो । स्वयम् आफ्नै समुदायभित्रका पुरुष वर्गबाट समेत अपहेलित हुँदै दोहोरोरुपमा उनले समस्या झेल्नु पऱ्यो । समूहगत कार्ययोजनाले बिस्तारै-बिस्तारै संस्थागत स्वरुप लिन थाल्यो । साथै आफ्नो विद्यालय क्यारियरले पनि उनलाई साथ दिएकाले समाजमा त्यस्ता वर्ग क्रमशः ओइलाउँदै गएँ । जसले उनको खिसिटिउरी गर्दथे । उनको व्यक्तित्व, सहासीपन, दृढइच्छा शक्ति र समयबद्धताका कारणले समाजका ठालुहरु भनाउँदा पनि ओझलमा पर्दै गएँ । टिमस्प्रीट महत्त्वपूर्ण कडी बन्न पुग्यो । जसका कारणले उनीहरुको अभियान शक्तिशाली बन्दै गयो । समाज परिवर्तन केन्द्रित लक्ष्यमा उनीहरुले सफलता प्राप्त गर्दै गए । समाज परिवर्तनको पृष्ठभूमिलाई हेर्दा प्रेरित गर्ने तत्वका रुपमा निम्न पक्षले मुख्य भूमिका खेलेको थियो ।

उनीहरुले सामाजिक सञ्जालमा प्रशिद्ध भारतीय अरबपति रतन टाटाको अन्तरवार्ता भेटे । रतन टाटाले अन्तरवार्ताको सन्दर्भमा दिएको जवाफको प्रसङ्गलाई छलफलमा ल्याए । रतन टाटालाई रेडियो प्रस्तोताबाट प्रश्न गरिएकको थियो, 'जीवनमा सबैभन्दा खुशीको क्षण कुन थियो अर्थात् जीवनमा सबैभन्दा खुशी पाउँदा के सम्झनुहुन्छ ?' टाटाले आफ्नो जवाफमा जीवनमा खुशी ल्याउन गरिएका प्रयासलाई चार वटा चरणमा क्रमशः प्रस्तुत गरेका थिए । पहिलो चरणमा उनको खुशी धनसम्पत्ति कमाउनुमा थियो । कमाए तर त्यसले चाहे जस्तो खुशीको अनुभव भएन । दोस्रोचरणको खुशीका लागि आफूलाई मन परेका महँगा र बहुमूल्य वस्तु जोड्नु थियो । वस्तु जोडे पनि । तर त्यसले पनि उनीमा खुशीको चमक आएन । यसपछि तेस्रो चरणको खुशीका लागि ठूला परियोजना रोजे । त्यो पनि भारत र अफ्रिकाका बीचमा डिजेल सप्लार्यस गर्नदेखि एसियाभित्रकै ठूलो स्टिल कारखानाको परियोजना पाए । तर, यहाँ पनि सोचे जस्तो खुशी पाएनन् ।

अन्तिम चौथो चरणमा उनको एउटा साथीले उनलाई शारीरिक अपाङ्गहरुको माझमा पुऱ्याए । साथीले उनीहरुका लागि ह्वीलचियर किन्न लगाए । टाटाले अपाङ्गका लागि ह्वीलचियर किनि दिए । त्यसपछि यी ह्वीलचियर आफ्नै हातले वितरण गर्ने सल्लाह साथीले दिए । साथीले भने जस्तै उनले आफ्नै हातले ह्वीलचियर वितरण गरे । ह्वीलचियर पाएपछि ती अपाङ्गहरुको अनुहारमा एकाएक खुशी छाएको उनले देखे । उनीहरुको अनुहारमा चमक आएको देखे । उनी त्यसबेला अझ बढी प्रभावित भए । जुनबेला ह्वीलचियर पाउने मध्येको एउटा बालकले ह्वीलचेयरमै उनको छेउमा आएर उनको पाउ छोयो । अनि एकोहोरो उनको अनुहारमा हेरिरह्यो । त्यसपछि टाटाले सोधे- 'बाबु तिमीलाई अरु के चाहिन्छ ?' बालकले भन्यो- 'होइन मलाइ अब केही पनि चाहिँदैन । म तपाईको अनुहारलाई सम्झन चाहन्छु । ताकी पछि मैले तपाईलाई स्वर्गमा भेटे भने सजिलै चिन्न सकौ र फेरि एक पटक त्यहाँ पनि धन्यवाद दिन सकु ।'

ती बालकको भनाइ र उनीमा भएको विश्वास, अनुहारमा देखिएको चमक र भनाइले उनको जीवनमा सबैभन्दा खुशीको क्षण रहनपुग्यो । 'यही खुशीको क्षणलाई म सम्झन चाहान्छु' भनेर टाटाले रेडियो प्रस्तोताको प्रश्नको जवाफमा भनेका थिए । यो नै सामाजिक अभियानको एउटा कडी बन्न पुग्यो । यसबाट सामजिक अभियन्ताले आफूभन्दा पनि समाजमा अरुलाई बाँच्न प्रेरित गर्नुपर्दो रहेछ । अरुका लागि भए पनि सामाजिक अभियन्ता बाँच्नु पर्दोरहेछ । यही निष्कर्ष सम्भावना र उनको समूहले निकाल्यो । यही सिद्धान्त उनीहरुका लागि मूलमन्त्र बन्न पुग्यो । उनीहरुको रोजाइको पहिलो क्षेत्र सामाजिक अभियान नै बन्यो । उनीहरुले सामाजिक अभियानका लागि अन्य प्रक्रिया अगाडि बढाउने निष्कर्ष निकाले ।

समाज परिवर्तनको रुपरेखा भनेको सामाजिक अभियान नै हो । यसका लागि उनीहरु छलफलमा जुटे । छलफलकै सन्दर्भमा उनीहरुले फेसबुकका मार्क जुर्करवर्गको अवधारणलाई अघि सारे । फेसबुकका मार्क जुर्करवर्गले भनेका थिए- 'यदि तपाई संसार बदल्न चाहनुहुन्छ भने तपाईले गर्नुपर्ने सबैभन्दा उत्तम काम भनेको कम्पनि खोल्नु हो ।' यो भनाइले समाज परिवर्तनको अभियान चलाउन पनि कम्पनी खोल्नुपर्ने रहेछ । कम्पनि खोल्नु आवश्यक र महत्त्वपूर्ण रहेछ भन्ने कुरा उनीहरुले ठहर गरे । कारण संस्था वा कम्पनि खोल्नु भनेको ताकतको निर्माण गर्नु हो । उनीहरुलाई विश्वास थियो । सस्ंथामा ताकत हुन्छ । शक्ति हुन्छ । यो कार्यका लागि उनीहरु विधान समेत तयार गरे । त्यसपछि सम्बन्धित निकायमा गएर गैरसरकारी संस्थाका रुपमा 'समाज परिवर्तनका लागि अभियान' ९ऋबउबष्लल ायच कयअर्ष्बा ऋजबलनभ० नामक संस्था दर्ता गरे । जसले उनीहरुलाई कानूनी रुपमा कामगर्न थप बल मिल्यो । मार्क जर्करवर्गले भने जस्तै कम्पनि दर्ता भयो । अब यसलाई कसरी र कुन रुपमा परिचालन गर्ने भन्ने विषयवस्तु छलफलको क्रममा उठयो । यसका लागि पनि उनीहरुले मोगेन स्टलनीको विज्ञापन सम्बन्धी अवधारणाअघि सारे ।

मोगेन स्टेलनीले आफ्नो धारणा विज्ञापनमार्फत प्रस्तुथ गरेका थिए । जो यसप्रकार थियो- 'पुँजी जम्मा गरौं, जसले संसार परिवर्तन गर्ने चिज निर्माण गर्छ' समाज परिवर्तन गर्न पुँजी चाहिने रहेछ । समाजभित्रका भौतिक पक्षमा परिवर्तन गर्न पनि पुँजी नै जम्मा गर्नुपर्ने रहेछ । यही निष्कर्ष सम्भावनाको समूहले निकाल्यो । भौतिक परिवर्तनपश्चात मात्र समाजको रुपान्तरण गर्न सहज हुने रहेछ । यही निष्कर्षका आधारमा पुँजी कसरी जम्मा गर्ने भन्ने प्रश्न उनीहरुको सामनेमा उठ्यो ।

पुँजी जम्मा गर्ने यसमा दुईमत रहेन । तर, सचेत रहनुपर्ने थियो । यसका लागि उनीहरु बडो होसियारी र सजगताका साथ अगाडि बढ्ने आधार तयार गर्छन् । उनीहरुले बादलले भने झैं पुँजीवादीहरु सम्पत्ति थुपार्छन् । बाड्ने पनि गर्छन् । तर, व्यवस्था र परम्परा भने त्यही नै राख्न चाहन्छन् । जसले उनीहरुलाई आफ्नो पुँजी कार्यान्वयन गर्न सहज हुन्छ । यही कुरालाई आत्मसात गरेको अवस्थामा समाज परिवर्तनको अभियानमा बाधा अडचन आउनसक्छ । पुँजीवादीहरुले आफ्नो दयालु पनलाई पनि नाफाको एउटा हिस्साका रुपमा लिने गर्दछन् । पुँजीपति भनेका सेवामुखी होइनन् । नाफामुखी मात्र हुन । यसकारण पनि हामीले कम्पनी खोल्दा नाफामुखीभन्दा पनि सेवामुखीका रुपमा खोल्नु पर्दछ । दानवीर भएर राज्यको स्रोतलाई कब्जामा पार्नेभन्दा पनि सेवामुखी भएर आफ्नो स्रोतलाई परिचालन गर्नु पर्दछ । यिनै कुराका आधारमा समाज परिवर्तनका लागि उनीहरुले कार्य योजना बनाउने निष्कर्ष निकाले । जसले समाजमा आफ्ना लागि भन्दा पनि अरुका लागि बाँच्न सकियोस् भन्ने अवधाराणलाई व्यवहारमा उतार्न सकियोस् ।

शुरुमा घर दैलो कार्यक्रमबाट समुदायका निरपेक्ष तथा गरिबीको रेखामुनी रहेका मानिसलाई जागरण गर्ने अभियान चलाइयो । पेशाका आधारमा समूगत एकीकृत गर्ने कार्यनीति अपनाइयो । समूगतरुपमा आयआर्जनका सीपको विकास र साक्षर बनाउने अभियान चलाइयो । यसपछि अधारभूत स्वास्थ्यको सुरक्षा र संरक्षण साथै सफाइका क्षेत्रका आधारभूत धारणा स्पष्ट पार्दै गए । सामाजिक कुरिती, कुसंस्कार र अन्धविश्वासका धड्कनहरुमा चेतनाकरण गर्न थालियो । परिवर्तित समाजको समयानुकूल विकास गर्न उनीहरुले हतार पनि गरेनन् । जर्बजस्ती पनि गरेनन् । समाजमा बिस्तारै प्रभाव छाड्दै गए । यसका लागि सहयोग पुऱ्याउने कार्यमा उनका समकालीन साथीहरुमा पूर्णिमा, संदीप, प्रेम, प्रमिला, सुमन, यमन, योगेश, योगिता, अनिल, अनिता, भुवन र भवानी पनि थिए । सबैको एउटै लक्ष्य र एउटै अभियान थियो । त्यो थियो, समाजलाई सुसूचित गर्दै दीगो रुपमा परिवर्तन गर्ने । यसमा उनीहरु दत्तचित्त भएर लागे ।

उनीहरु आफूले पनि बुझ्दै गए । आजको दिनमा मुलुकमा निर्माण भएका कानूनी पक्षका रुपलाई हेर्दा समाजमा त्यस्ता कुनै पनि पक्ष छैनन् । जहाँ कानूनको आँखा नपरेको होस् । निर्मित कानूनका पक्षहरुमा विशेष गरी भौतिक पक्षसँग सम्बन्धित छन् । मानौ ती सिद्धान्त मात्र हुन् । सिद्धान्त भन्ना साथ नियममात्र हुन । व्यवहारिक पक्षका अलग्गै पाटा छन् । जसलाई राज्य हाँक्ने वर्गले आत्मसात गर्नु पर्दैन । दायित्व पनि लिनु पर्दैन । कतिपय कानूनका सिद्धान्त निर्मम र कठोर रुपमा प्रहार गर्नुपर्ने हुन्छ । तर, जति हुनु पर्दथ्यो त्यति राज्यले गर्न सकेका छैनन् । फलस्वरुप आज समाजका अभिभाज्य वर्गले कानून हातमा लिएका छन् । ताकी उनीहरुलाई कानूनले ग्रहण गर्नुपर्दैन र कानूनलाई उनीहरुले पनि ग्रहण गर्नु पर्दैन ।

आज पनि समाजमा जीवितै रहेका कुसंस्कार र विकृतिहरु अतितसँग सम्बन्धित छन् । जो अदृष्य शक्तिका रुपमा पनि रहेका छन् । जसलाई देख्न पनि सकिँदैन । छुनछाम्न पनि सकिँदैन । जसका कारणले समाजमा फैलिएका यी विकृत रुपी संस्कारलाई सहजै परिवर्तन गर्न सकिँदैन । यसअर्थमा युगौंयुग देखिको संस्कृतिकै अङ्गका रुपमा विकास भएका सामाजिक विभेद अन्त्य गर्ने कुरा सम्भावना र उनको समूहका लागि त्यति सहज, सरल र सजिला थिएनन् । बरु चुनौतिका रुपमा थिए । महिला मुक्तिका कुरा, छुवाछुतका कुरा, उत्पीडित बर्गका कुरा जसलाई जरैदेखि उखेलेर फ्याक्ने कुरा त्यति सामान्य थिएन । अभियन्ताको नाताले उनीहरु अरुको दुःख देख्दथे । तर, उनीहरुको दुःख अरुले देख्दैन थिए ।

यसकारण उनीहरुले चाहँदाचाहँदै पनि सोचे जस्तै सजिलै फड्को मार्ने लक्षण थिएन । यसका लागि कठोर संघर्ष गर्नु पर्दथ्यो । त्यो पनि सम्भव भएन । अतः आफ्नो कार्यनीतिक योजनामा परिवर्तन ल्याउने प्रयास सम्भावनाको समूहले गऱ्यो । यसका लागि सर्वप्रथम समाजभित्र जड्सूत्रका रुपमा रहेका वस्तुहरुको पहिचान गर्ने योजना अघि सारियो । यसपछि जुनसुकै तह र तप्काका बीचमा भएका विभेदका पक्षमा प्रभाव पार्ने तत्व खोजी गर्ने प्रयास गरियो । यी सब कुराको कारकतत्व वा मूल जरो भनेको त शिक्षा, स्वस्थ्य र गरिबी रहेछन् । यी तीन वटा तत्व नै समाजमा उत्पीडित वर्गको सिर्जना गर्ने, दलित, महिला तथा पिछडिएको वर्गमाथि घृणित व्यवहार गराउने मुख्यतत्व रहेछन् भन्ने निष्कर्ष उनीहरुले निकाले । अतः यिनै घृणित तत्वहरुलाई मानवता बिरोधी अपराधका रुपमा लिँदै सामाजिक अभियान्ताले आफ्ना लागि भन्दा पनि अरुका लागि बाँच्नु पर्ने रहेछ । अरुका लागि बाँच्ने अवधारणालाई आत्मसात उनीहरुले गरे । यही आत्मसातलाई प्रेरित गर्दै अभियान चलाउने निष्कर्ष सम्भावनाको समूहले निकाल्यो ।



**मेसिनद्वारा मकै छडाउँदै कृषक**: मकै भण्डारणका लागि मेसिनद्वारा मकै छडाउँदै बिर्तामोड नगरपालिका–९ का कृषक । गत वर्ष बिर्तामोड नगरपालिकाले ७० प्रतिशत लागत अनुदानमा कृषक समूह मार्फत उक्त मकै छोडाउने मेसिन वितरण गरेको हो ।
**तस्विर : रत्नबहादुर बस्नेत/पूर्वाञ्चल**

# विश्व पदयात्री रोहनलाई वाणिज्य संघमा सम्मान

**बिर्तामोड, जेठ ३२।** पर्यावरण संरक्षणको सन्देश प्रवाह गर्दै विश्व पैदालयात्रामा निस्किएका रोहन अग्रवालले नेपालका ७३ वटा जिल्लाको भ्रमण पूरा गरेका छन् ।

भारतको महाराष्ट्रस्थित नागपूराका २२ वर्षीय रोहनले पर्यावरण संरक्षणका लागि सचेतना जगाउँदै भारत र बंगलादेशको पैददलयात्रा सम्पन्न गरी नेपाल आएका हुन् । पश्चिम नेपालबाट पैदलयात्रा शुरु गरेका रोहनले नेपालका ७३ वटा जिल्लाको भ्रमण पूरा गरी झापा आइपुगेका हुन् ।

अर्थ डे अर्गनाइजेशन दक्षिण भारतका महासचिव समेत रहेका उनी झापा आइपुगेसँगै बिर्तामोडस्थित उद्योग वाणिज्य संघले स्वागत सम्मान गरेको छ । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने, पूर्व अध्यक्ष बलराम कार्की लगायत संघका पदाधिकारीले अग्रवाललाई संघको कार्यालयमा स्वागत सम्मान गरेका हुन् ।



जलवायु परिवर्तनको असरका विषयमा जनचेतना फैलाउँदै नेपालका सबै जिल्ला पैदलयात्राबाटै पूरा गर्ने लक्ष्यसहित विश्व भ्रमणमा निस्किएका उनलाई सम्मान स्वरुप १० हजार रुपैयाँ समेत प्रदान गरिएको छ । नगद प्रदान गर्दै संघका अध्यक्ष न्योपानेले अग्रवालको विश्व पदयात्रा सफलताको शुभकामना दिएका छन् ।

२५ अगष्ट २०२० मा भारतको बनारसबाट विश्व भ्रमणको पदयात्रामा निस्किएका रोहनले हालसम्म २२ हजार किलोमिटर हिँडेर पार गरेका छन् । नेपालको पदयात्रा समापनसँगै उनी कम्वोडिया, म्यानमार, मंगोलिया हुँदै रुस जाने बताइएको छ । विश्वकै सबैभन्दा चिसो ठाउँ मध्येको रुसको साइवेरियास्थित ओम्याकोन समेत हिँडेरै पुग्ने उनको लक्ष्य छ । जहाँको औषत तापक्रम माइनस ५५ डिग्री सेल्सियस रहेको छ ।

ओम्याकोनको अहिलेको तापक्रम माइनस ७२ डिग्री सेल्सियस रहेको बताइएको छ । ओम्याकोन भ्रमण सम्पन्न गरेसँगै सार्ककै पहिलो पदयात्रीका रुपमा आफूलाई स्थापित गर्ने उनको लक्ष्य रहेको छ । विश्व पदयात्रामा निस्किएका रोहनले देशलाई प्लाष्टिकमुक्त बनाउन समेत सन्देश प्रवाह गर्दै आएका छन् । १८ वर्षको उमेरबाट उनी विश्व पदयात्रामा निस्किएका थिए ।

# झापामा राष्ट्रिय परिचयपत्र विवरण संलग्न दुई चरणमा

**भद्रपुर, जेठ ३२।** झापामा राष्ट्रिय परिचयपत्र बनाउने सेवाग्राहीको चाप बढेपछि विवरण सङ्कलनको काम दैनिक दुई चरणमा गर्न थालिएको छ ।

दैनिक बिहान ७ बजेदेखि विवरण सङ्कलन गर्ने गरिएको छ । कर्मचारीलाई बिहान र दिउँसो गरी दुई चरणमा काममा खटाई राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन र वितरण थालेको प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले जानकारी दिए ।

उनका अनुसार दैनिक तीन सयदेखि चार सयजनाको राष्ट्रिय परिचयपत्र वितरण गरिसकेको छ । अहिले मेचीनगर नगरपालिकामा वडास्तरमै अभियानको रुपमा राष्ट्रिय परिचयपत्र वितरण भइरहेको प्रजिअ बाँस्तोलाले बताए ।

राष्ट्रिय परिचयपत्र वितरण गर्न बाँकी रहेका स्थानीय तहमा वितरण गर्ने तयारी भइरहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । स्थानीय तहमा वितरण गर्दा फिर्ता आएका परिचयपत्र जिल्ला प्रशासन कार्यालयबाट वितरण भइरहेको छ ।

आगामी आर्थिक वर्ष २०८१/०८२ देखि सामाजिक सुरक्षा लगायत





परिचयपत्रका लागि विवरण सङ्कलन गर्ने काम भइरहेको छ ।

'दैनिक एक सयको हाराहारीमा राष्ट्रिय परिचयपत्र वितरण गर्ने काम भइरहेको छ । बिहान ७ बजेदेखि नै टोकन वितरण गर्छौं, सेवा प्रवाहमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई प्राथमीकतामा राखेका छौं' - प्रजिअ बाँस्तोलाले भने ।

यसअघि जिल्ला प्रशासन कार्यालयले वडास्तरमा अभियानकै रुपमा बुद्धशान्ति गाउँपालिका, बाह्रदशी गाउँपालिका, झापा गाउँपालिका, भद्रपुर नगरपालिका र अर्जुनधारा नगरपालिकामा ७३ हजार सात सय ८१ जनालाई राष्ट्रिय विभिन्न सरकारी सुविधा प्राप्त गर्नका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि देशभरका जिल्ला प्रशासन कार्यालमा सेवाग्राहीको चाप बढेको छ ।

**सच्याइएको छ,**

पूर्वाञ्चल दैनिकको मिति २०८१/०२/३२ गते प्रकाशित जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहको शिलबन्दी बोलपत्र दाखिला गर्ने सम्बन्धी सूचनामा बोलपत्र खरिद तथा **दाखिला गर्ने अन्तिम मिति २०८१/०३/१४** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

**व्य.**

# खोटाङको बाक्सिलामा हरेक शनिबार श्रमदान



**खोटाङ, जेठ ३२।** केपिलासगढी गाउँपालिका-४ बाक्सिलाका स्थानीयबासी आफ्नो गाउँको सडक आफैं मर्मत गर्न जुटेका छन् ।

प्रत्येक टोलमा निर्माण गरिएका सडकमा बाह्रै महिना एम्बुलेन्स तथा यातायातका सवारीसाधन सञ्चालन गर्न स्थानीयबासीले प्रत्येक हप्ताको शनिबार श्रमदान अभियान शुरु गरेका हुन् ।

गत चैतको अन्तिम शनिबारदेखि शुरु गरिएको श्रमदान अभियानमा जनप्रतिनिधि, समाजसेवी तथा स्थानीयबासी स्वतःस्फूर्तरुपमा सहभागी हुने गरेका छन् । अभियान अन्तर्गत सडक मर्मत, विद्यालय भवन परिसर सरसफाई तथा मर्मत, वृक्षरोपण लगायतका गतिविधि सञ्चालन हुने गरेको छ ।

श्रमदान अभियानको दसौं हप्ता सम्पन्न हुँदा करिब चार सय स्थानीयबासी सहभागी भइसकेको श्रमदान अभियानका संयोजक कोशीकुमार राईले जानकारी दिए ।

'गाउँटोलमा निर्माण गरिएका ग्रामीण सडक वर्षेनि भलबाढीले क्षति गर्छ । सडक अवरुद्ध हुँदा बिरामीलाई स्वास्थ्य संस्था लैजान/ल्याउन र दैनिक उपभोग्यवस्तु ढुवानीमा समस्या हुन्छ' -उनले भने- 'गाउँको सडकलाई बाह्रै महिना सञ्चालनमा ल्याउन श्रमदान अभियान सञ्चालन गरेका हौं । वडा कार्यालयको संयोजनमा शुरु गरिएको यो अभियान निरन्तर चलिरहेको छ ।'

श्रमदान अभियानका लागि देश तथा विदेशमा रहेका स्थानीयले आर्थिक सहयोग गरिरहेका छन् । बाक्सिलामा जन्मिएर अध्ययन तथा रोजगारीका सिलसिलामा विभिन्न ठाउँमा पुगेका स्थानीयबासीले रु. एक लाख १२ हजार सहयोग गरेको संयोजक राईले जानकारी दिए ।

सङ्कलित सहयोग रकम श्रमदान अभियानमा सहभागीका लागि खाजा शीर्षकमा खर्च गर्ने गरिएको छ । बाक्सिलास्थित हल्कुममा सञ्चालित शिक्षा जयन्ती आधारभूत विद्यालयको भुइँ ढलानबाट शुरु गरिएको श्रमदान अभियान अन्तर्गत एक सय ३४ मिटर सडक सोलिङ गरिएको छ । दशकते-रातोपानी सडकमा ५७ मिटर, माक्पालीडाँमा ४५ मिटर, हयापूमा २२ मिटर र खर्कुखोलामा १० मिटर सोलिङ गरिएको संयोजक राईले बताए ।

'आफ्नो गाउँ, आफैं बनाऔं' भन्ने नाराका साथ शुरु गरिएको श्रमदान अभियान आफ्नो कार्यकालभरि जारी राख्ने वडाध्यक्ष खड्गबहादुर तामाङले जानकारी दिए । 'वडामा आएको बजेटले सबै काम सम्भव छैन । स्थानीयस्तरमा गर्न सकिने काम आफैं गरौं भन्ने उद्देश्यले अभियान शुरु गरेका हौं' -उनले भने- 'अभियानमा सबैले साथ दिएका छन् । यसले सानातिना काम राज्यको लगानी नभए पनि गर्न सकिन्छ भन्ने सन्देश दिएको छ ।'

# अध्यक्ष कपको उपाधि शनिश्चरे फूटवल क्लवलाई




**कमल, जेठ ३२।** कमल गाउँपालिकामा सम्पन्न दोस्रो अध्यक्ष कप खुल्ला नकआउट फुटबल प्रतियोगिताको २०८१ को उपाधि शनिश्चरे फुटबल क्लवले जितेको छ ।

रोलिङ्ग क्लव धुलावारीलाई ०-१ गोल लगाउँदै शनिश्चरे फुटबल क्लवले उपाधि जितेको हो । 'खेलकुद हाम्रो सम्पत्ति, कमल गाउँपालिकाको उन्नति' भन्ने नाराका साथ कमल-३ स्थित केर्खा खेल मैदानमा सम्पन्न प्रतियोगिता सम्पन्न भएको थियो ।

प्रतियोगितामा निर्धारित समयसम्म दुबै टिमले पाएको अवसर गुमाएर गोलरहित अवस्थामा पुगेका थिए, तर दोस्रो हाफको अतिरिक्त समयमा शनिश्चरे फूटबल क्लवका जर्सी नम्बर ९ का रिकेश श्रेष्ठले लगाएको गोल नै आफ्नो टिमलाई विजयी गराएका थिए ।

विजयी भएसँगै शनिश्चरे फुटबल क्लवले नगद दुई लाख रुपैयाँसहित शिल्ड, ट्रफि, मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो भने उपविजेता हुने रोलिङ्ग क्लव धुलाबारीले नगद एक लाख रुपैयाँसहित शिल्ड, ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरेको थियो ।

प्रतियोगितामा उत्कृष्ट गोल किपर अनुप तामाङ्ग, वेष्ट डिफेन्डर प्रज्ज्वल न्यौपाने, बेस्ट मिडफिल्डर रोमन भुजेल, हाईस्कोर अमित देशरा, बेष्ट स्टाईगर श्याम मुर्मु, बेस्ट टुर्नामेन्ट विशाल दर्जीले जनही नगद पाँच हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका थिए ।

**राहदानी हरायो**

चारआलीबाट बिर्तामोड जाने क्रममा यही मिति २०८१।०१।२६ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

नाम:- विमल राई
ठेगाना:- साङ्गरुम्बा–७
हाल:- देउमाई नपा–३, मंगलबारे इलाम
राहदानी नं. :- ०९०१७८५६
मो. :- ९८०६०००१६

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा नपा– ४, झापा

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
| --- | --- | --- |
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट : दिउसो १२ बजे | | |

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्क: दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६, ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११, ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**शोवर्मा पारखीहरुका लागि**
**यम्मी शोवर्मा पोइन्ट अब बिर्तामोडमा**



सम्पर्क
शनिश्चरे रोडदेखि अतिथि सदन जानेबाटो गोर्खा डिलर छेउ
मोबाइल : ९८१४०२१५१७

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
**– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको**
**– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको**
**– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,**
**– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।**
**– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।**

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**पानीटंकीको पहिलो गल्ली दायाँ साइड** सम्पर्क : **निशान्त–**
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।***
Youtube Channel : Nishat M jotic kendra



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिने छ । व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
यथेष्ट धन लाभको योग रहेको छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनाले तपाई मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ ।